विधायनको प्रकृति: नियमावली
दर्ता नं.: ०५/०८२
दर्ता मिति: २०८२/०२/०२
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

# काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी बोर्डले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "टैंकर सेवा" भन्नाले कुनै सेवाप्रदायकबाट व्यावसायिक रूपमा भूमिगत स्रोतको प्रशोधित वा अप्रशोधित पानी टैंकर सेवाद्वारा आपूर्ति गर्ने कार्य सम्झनु पर्छ।

(ग) "डिप बोरिङ्ग" भन्नाले स्यालो ट्युबवेलले निकाल्ने पानीभन्दा गहिराईबाट डिप बोरिङ्ग गरी पानी निकाल्ने कार्य सम्झनु पर्छ।

(घ) "ड्रिलिङ्ग" भन्नाले जमिनको सतह मुनि रहेको जलस्तरसम्म पुग्नको लागि विशेष उपकरण जस्तै ड्रिल मेसिनको प्रयोग गरी प्वाल पार्ने वा गहिरो खाल्डो बनाउने कार्य सम्झनु पर्छ।

(ङ) "बोर्ड" भन्नाले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ।

(च) “मन्त्रालय” भन्नाले नेपाल सरकारको खानेपानी मन्त्रालय सम्झनु पर्छ।

(छ) "मानव मलमूत्र" भन्नाले सेप्टिक ट्यांकमा रहेको दिसाजन्य लेदो पदार्थ सम्झनु पर्छ।

(ज) "सम्झौता" भन्नाले बोर्ड र सेवाप्रदायकबीच सेवा सञ्चालन गर्नको लागि भएको सम्झौता सम्झनु पर्छ।

(झ) "सुरक्षित क्षेत्र" भन्नाले काठमाडौं उपत्यकाभित्र भूमिगत स्रोतको पानीको पर्याप्तता, जल तह, जल उपयोगको अवस्था, पुनर्भरणको सम्भावना तथा जनघनत्व समेतलाई आधार मानी सुरक्षित रूपमा भूमिगत पानी उपलब्ध रहेको भनी समितिले निर्धारण गरेको क्षेत्र सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ट) "स्यालो ट्यूबवेल" भन्नाले भूमिगत स्रोतबाट सुरक्षित क्षेत्रमा पचास मिटर गहिराईसम्मको र अन्य क्षेत्रमा साठी मिटर गहिराईसम्म ट्यूबवेलबाट कृषि तथा घरायसी प्रयोजनको लागि पानी निकाल्ने स्यालो ट्युबवेल सम्झनु पर्छ।

## परिच्छेद-२
## सेवा प्रणाली हस्तान्तरण

३. सेवा प्रणाली हस्तान्तरणको लागि बोर्डले निवेदन दिन सक्ने: (१) काठमाडौं उपत्यकाभित्र संस्थान वा कुनै सरकारी निकायले सञ्चालन तथा व्यवस्थापन गरिरहेको कुनै सेवा आफूले सञ्चालन

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

गरिरहेको सेवा प्रणालीको सञ्जालभित्र राखी सञ्चालन तथा व्यवस्थापन गर्न गराउन उपयुक्त हुने देखिएमा त्यस्तो सेवा प्रणाली बोर्डमा हस्तान्तरण गराई दिन बोर्डले नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन दिँदा देहायको विवरण संलग्न गर्नु पर्नेछः-

(क) सेवा हस्तान्तरण गरी लिने क्षेत्रको विवरण,

(ख) सेवा हस्तान्तरण गरी लिने क्षेत्रमा बसोबास गर्ने व्यक्तिको विवरण,

(ग) सेवा थप हुने क्षेत्रबाट सेवा महसुल बापत प्राप्त हुने अनुमानित रकम,

(घ) सेवा थप हुने क्षेत्रमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न विद्यमान जनशक्ति पर्याप्त भए नभएको र थप गर्नुपर्ने भए त्यसको विवरण,

(ङ) सेवाप्रदायक मार्फत सेवा सञ्चालन गराउने सम्बन्धमा भएको सहमति वा सम्झौता वा अनुमतिपत्र सम्बन्धी विवरण,

(च) सेवा प्रणालीसँग सम्बन्धित सम्पत्ति तथा दायित्व निर्धारण गरी हस्तान्तरण गर्ने प्रस्तावित कार्यविधि र तत् सम्बन्धी अन्य व्यवस्था,

(छ) अन्य आवश्यक विवरण।

(३) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि नेपाल सरकारले आवश्यक जाँचबुझ गरी काठमाडौं उपत्यकाभित्र संस्थान वा सरकारी निकायले सञ्चालन र व्यवस्थापन गरिरहेको सेवा र सोसँग सम्बद्ध सेवा प्रणाली, त्यसको सम्पत्ति र दायित्व मूल्याङ्कन गरी बोर्डमा हस्तान्तरण गर्ने व्यवस्था मिलाई दिन सक्नेछ।

४. <u>सेवा प्रणाली, सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्दा विचार गर्नु पर्ने:</u> (१) ऐनको दफा ७ को उपदफा (३) र उपदफा (४) बमोजिम कुनै सरकारी निकायबाट सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवा र सोसँग सम्बन्धित सेवा प्रणाली, सम्पत्ति तथा दायित्व बोर्डमा हस्तान्तरण गर्दा देहायका कुरा यकिन गरेर मात्र बोर्डले त्यस्तो सेवा प्रणाली लिनु पर्नेछः-

(क) तत्काल उपलब्ध गराइरहेको सेवा र सेवा प्रणालीको स्थिति,

(ख) हस्तान्तरण गरी लिइने सेवा प्रणालीको सञ्जालसँग जोडिएको संरचना र त्यसले ओगटेको भौगोलिक क्षेत्र वा सम्बद्ध सेवा प्रणाली,

(ग) हस्तान्तरण गरी लिइने सेवा र सेवा प्रणाली तथा सोसँग सम्बन्धित सम्पत्ति तथा दायित्व,

(घ) हस्तान्तरण गरी लिइने सेवा र सेवा प्रणाली तथा सोसँग सम्बन्धित वास्तविक सम्पत्तिको मूल्य निर्धारण गर्ने तरिका,

(ङ) सेवा प्रणालीसँग सम्बन्धित ऋण वा अन्य दायित्व भए सो कुरा,

(च) सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरे बापत नेपाल सरकार वा स्थानीय तहलाई कुनै मूल्य तिर्नु बुझाउनु पर्ने भए सो मूल्य तिर्ने तरिका र अवधि।

(२) उपनियम (१) बमोजिम सेवा र सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरी लिंदा समितिले तोके बमोजिम मूल्य निर्धारण गरी हस्तान्तरण हुने खुद सम्पत्ति र त्यस बापत कुनै रकम तिर्नु पर्ने भए त्यस्तो रकम भुक्तानी गर्ने तरिका समेत निश्चित गरी हस्तान्तरण गरी लिनु पर्नेछ।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

५. बोर्ड आफैले सेवा प्रणाली लिन सक्नेः (१) ऐनको दफा ७ को उपदफा (८) को खण्ड (ख) बमोजिम कुनै नगरपालिका वा सेवाप्रदायकले निर्माण गरी सञ्चालन गरिरहेको सेवा प्रणाली बोर्डको सेवा प्रणालीसँग आवद्ध गरी सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएमा बोर्डले सम्बन्धित नगरपालिका वा सेवाप्रदायकबाट त्यस्तो सेवा प्रणाली हस्तान्तरण गरी लिई सेवा सञ्चालन तथा व्यवस्थापन गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम नगरपालिका वा सेवाप्रदायकबाट सेवा प्रणाली हस्तान्तरण गरी लिने प्रक्रिया र मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था बोर्ड र सम्बन्धित सेवाप्रदायकको आपसी सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद-३

## बोर्डको काम, कर्तव्य र अधिकार

६. बोर्डको काम, कर्तव्य र अधिकारः ऐनको दफा ६ र ७ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा प्रणाली सञ्चालन गराउँदा सेवाको गुणस्तर वा मापदण्ड बमोजिम सेवा प्रदान भए नभएको अनुगमन गर्ने,

(ख) खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २८ बमोजिमको खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिमको सेवा महसुलमा पुनरावलोकन गर्नु पर्ने भए सोको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ग) कुनै सरकारी निकाय वा सेवाप्रदायकले सञ्चालन गरिरहेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण भएकोमा सो सेवा प्रणाली हस्तान्तरण हुँदाका बखत निर्धारित शर्त बमोजिम सेवा प्रणाली सञ्चालन भए नभएको अनुगमन गर्ने गराउने,

(घ) सेवाप्रदायकले प्रदान गरेको सेवाको अनुगमन गर्ने गराउने,

(ङ) काठमाडौं उपत्यकाभित्र भूमिगत स्रोतको पानीको उपयोग सम्बन्धी आवश्यक नीति तर्जुमा गरी नेपाल सरकारको स्वीकृतिको लागि मन्त्रालयसमक्ष पेश गर्ने,

(च) बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(छ) बोर्डमा आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

तर यसरी दरबन्दी स्वीकृत गर्नु अघि बोर्डको आन्तरिक स्रोतबाट दायित्व व्यहोर्न सक्ने सुनिश्चित गर्नु पर्नेछ।

(ज) बोर्डको उद्देश्य प्राप्त गर्नको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने।

७. सम्झौता वा अनुमतिपत्रमा उल्लेख गर्नुपर्नेः ऐनको दफा ८ बमोजिम सेवाप्रदायकसँग सम्झौता गर्दा वा सेवाप्रदायकलाई अनुमतिपत्र प्रदान गर्दा देहायका विषय समेत उल्लेख गर्नु पर्नेछः-

(क) सेवाप्रदायकले उपभोक्तालाई प्रदान गर्ने सेवाको गुणस्तर,

(ख) सेवाप्रदायकले उपभोक्तासँग लिने खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २८ बमोजिमको खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिमको निर्धारित महसुल,

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

(ग) सेवाप्रदायकले बोर्डलाई बुझाउनु पर्ने नियम २४ बमोजिमको शुल्क,
(घ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आर्थिक रूपले विपन्न भनी तोकेको परिवारलाई दिनुपर्ने सुविधा,
(ङ) सम्झौता वा अनुमतिपत्र रद्द गर्न सकिने अवस्था,
(च) सम्झौता वा अनुमतिपत्र रद्द गर्नुपरेमा अवलम्बन गरिने कार्यविधि,
(छ) सेवा प्रणालीको विकास र विस्तारका लागि गरिने पूँजीगत लगानी सम्बन्धी व्यवस्था,
(ज) सेवाप्रदायकले सम्झौताको शर्त विपरीत काम गरी सम्झौता रद्द भएमा तत्काल सेवा सञ्चालन गर्ने सम्बन्धमा गरिएको वैकल्पिक व्यवस्था,
(झ) सेवाप्रदायकले सम्झौताको शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने क्षतिपूर्ति,
(ञ) विवाद समाधान सम्बन्धी व्यवस्था,
(ट) बोर्डले उपभोक्ताको हितको लागि आवश्यक ठानेका अन्य विषय।

## परिच्छेद-४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

८. खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्ने: (१) काठमाडौं उपत्यकाभित्र ऐनको दफा ८ बमोजिम खानेपानी वा सरसफाई सेवा सञ्चालन गर्न चाहने सेवाप्रदायकले अनुमतिपत्रको लागि बोर्डले निर्धारण गरेको दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा बोर्डले आवश्यक जाँचबुझ गरी निवेदकलाई अनुसूची-२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बोर्डले अनुमतिपत्र प्रदान गर्दा सेवा सञ्चालन सम्बन्धमा छुट्टै शर्त तोक्न सक्नेछ।

९. छुट्टै सम्झौता गर्नु पर्ने: (१) बोर्डले सेवाप्रदायकलाई आफ्नो स्वामित्वमा रहेको वा आफूले सञ्चालन गरेको सेवा प्रणाली प्रयोग गर्न दिएमा त्यसको निमित्त छुट्टै सम्झौता गर्नु पर्नेछ।

(२) उपनियम (२) बमोजिम गरिने सम्झौतामा सेवा सञ्चालनको लागि सेवा प्रणाली प्रयोग गरे बापत बोर्डले लिने शुल्क समेत उल्लेख गर्नु पर्नेछ।

(३) सेवाप्रदायकको छनौट गर्ने तरिका तथा तत् सम्बन्धी अन्य कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

१०. डिप बोरिङ्ग गर्न अनुमतिपत्र लिनु पर्ने: (१) काठमाडौं उपत्यकाभित्र डिप बोरिङ्ग गरी भूमिगत स्रोतको पानीको उपयोग गर्न चाहने उपभोक्ताले बोर्डले निर्धारण गरेको दस्तुरसहित अनुसूची-३ बमोजिमको ढाँचामा बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त देखेमा अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन प्राप्त मितिले तीस दिनभित्र अनुमतिपत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिँदा डिप बोरिङ्ग गरी भूमिगत पानी निकाल्न पाउने परिमाणात्मक बन्देज वा अधिकतम गहिराई लगायतका आवश्यक शर्त तोक्न सकिनेछ।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

(४) डिप बोरिङ्ग गर्ने सेवाप्रदायकले भूमिगत स्रोतको पानी निकाल्ने कार्य सुरु गरेदेखि अन्तिम अवस्थासम्मका लिथोलोजिकल लग, इलेक्ट्रिकल लग, वेल डिजाइन, डेभलपमेन्ट तथा पम्पिङ टेष्ट र सिफारिस सहितको सम्बन्धित ड्रिलर र निजको हाइड्रोजियोलोजिष्ट वा जियोलोजिष्टबाट प्रमाणित प्रतिवेदन बोर्डलाई बुझाउनु पर्नेछ।

(५) डिप बोरिङ्ग निर्माण गर्दा माथिल्लो एक्वीफायरबाट पानी उत्पादन गर्ने उद्देश्यले स्क्रिन जडान नगरी तल्लो एक्वीफायरमा मात्र स्क्रिन जडान गर्नु पर्नेछ। माथिल्लो एक्वीफायर र तल्लो एक्वीफायर दुवै एक्वीफायरबाट पानी उत्पादन गर्न पाइने छैन।

११. <u>भूमिगत स्रोतको पानी निकाल्ने सम्बन्धी कार्यको लागि अनुमतिपत्र लिनु पर्ने:</u> (१) काठमाडौं उपत्यकाभित्र ड्रिलिङ्ग गरी भूमिगत स्रोतको पानी निकाल्ने सम्बन्धी कार्यको लागि छुट्टै अनुमति लिन चाहने सेवाप्रदायकले बोर्डले निर्धारण गरेको दस्तुरसहित अनुसूची-५ बमोजिमको ढाचाँमा बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त देखेमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र अनुमतिपत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा सेवाप्रदायकले प्रचलित कानून बमोजिम अन्य कुनै निकायको अनुमति लिनु पर्ने रहेछ भने त्यस्तो निकायको अनुमति लिए नलिएको समेत यकिन गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम बोर्डले अनुमतिपत्र दिंदा आवश्यक शर्त तोक्न सक्नेछ।

(५) उपनियम (२) बमोजिम अनुमतिपत्र लिएका सेवाप्रदायकले बोर्डबाट भूमिगत स्रोतको पानी उपयोग गर्न नियम ८ बमोजिम अनुमतिपत्र प्राप्त गरेका उपभोक्ताको मात्र बोर्डले निर्धारण गरेको मापदण्डभित्र रही सेवा प्रदान गर्नु पर्नेछ।

१२. <u>मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्ने कार्यको लागि अनुमतिपत्र लिनु पर्ने:</u> (१) सरसफाई सेवा अन्तर्गत काठमाडौं उपत्यकाभित्र रहेको ढल प्रणालीसँग नजोडिएका कुनै पनि सेवाग्राहीको सेप्टिक ट्यांकमा सङ्कलित मानव मलमूत्र रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्ने कार्यको लागि छुट्टै अनुमतिपत्र लिन चाहने सेवाप्रदायकले बोर्डले निर्धारण गरेको दस्तुरसहित अनुसूची-७ बमोजिमको ढाँचामा बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त देखेमा अनुसूची-८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा अन्य कुराको अतिरिक्त सेवाप्रदायकले प्रचलित कानून बमोजिम कुनै निकायको अनुमति लिनुपर्ने रहेछ भने त्यस्तो निकायको अनुमति भए नभएको समेत यकिन गर्नु पर्नेछ।

(४) सेप्टिक ट्यांक रित्याउँदा, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्दा सेवाप्रदायकले सेवाग्राहीबाट लिने सेवा शुल्क बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपनियम (२) बमोजिम अनुमतिपत्र प्राप्त सेवाप्रदायकले सेप्टिक ट्यांक रित्याउँदा, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्दा सम्बन्धित स्थानीय तह वा बोर्डले तोकेको स्थानमा मात्र व्यवस्थापन गर्नु पर्नेछ।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

(६) उपनियम (५) बमोजिम व्यवस्थापन गर्ने स्थान नतोकिएको अवस्थामा सेवाप्रदायकले जनस्वास्थ्य तथा वातावरणीय सन्तुलनमा प्रतिकूल असर नपर्ने गरी सुरक्षित स्थानमा मात्र व्यवस्थापन गर्नु पर्नेछ।

(७) उपनियम (२) बमोजिम बोर्डले अनुमतिपत्र दिँदा अन्य आवश्यक शर्त तोक्न सक्नेछ।

१३. <u>टैंकर, जार वा बोटलिङ सेवा सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्ने:</u> (१) खानेपानी सेवा अन्तर्गत काठमाडौं उपत्यकाभित्र भूमिगत स्रोतको पानीको उपयोग गरी टैंकर, जार वा बोटलिङ सेवा सञ्चालन गर्न छुट्टै अनुमति लिन चाहने सेवाप्रदायकले बोर्डले निर्धारण गरेको दस्तुरसहित अनुसूची-९ बमोजिमको ढाँचामा बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सो सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गरी निवेदकलाई टैंकर, जार वा बोटलिङ सेवा सञ्चालन गर्न अनुमतिपत्र दिन उपयुक्त देखेमा बोर्डले अनुसूची-१० बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा अन्य कुराको अतिरिक्त सेवाप्रदायकले प्रचलित कानून बमोजिम कुनै निकायको अनुमति लिनुपर्ने रहेछ भने त्यस्तो निकायको अनुमति भए नभएको समेत यकिन गर्नु पर्नेछ।

(४) बोर्डले उपनियम (२) बमोजिम अनुमतिपत्र दिदा सेवाप्रदायकले उपलब्ध गराउने पानीको गुणस्तर तथा परिमाणका सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ।

(५) उपनियम (२) बमोजिम अनुमतिपत्र नलिई कसैले टैंकर, जार वा बोटलिङ सेवा सञ्चालन गरी भूमिगत स्रोतको पानी उपयोग गर्न हुँदैन।

१४. <u>अनुमतिपत्रको अवधि र नवीकरण:</u> (१) नियम ८, १०, ११, १२ र १३ बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ।

(२) अनुमतिपत्र नवीकरण गराउन चाहने उपभोक्ता वा सेवाप्रदायकले उपनियम (१) बमोजिमको अवधि समाप्त हुनु तीस दिन अगावै अनुमतिपत्र नवीकरण गराउनको लागि बोर्डले निर्धारण गरेको नवीकरण शुल्कसहित बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले आवश्यक जाँचबुझ गर्दा अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

१५. <u>अनुमतिपत्र लिनु नपर्ने:</u> यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै धार्मिक स्थल, मठ, मन्दिर, धर्मशाला, गुम्बा, मस्जिद, गिर्जाघर वा विहारजस्ता धार्मिक महत्वका क्षेत्रमा सार्वजनिक उपयोग तथा प्रयोग वा घरायसी निजी उपयोग तथा प्रयोगका लागि ढुङ्गेधारा, कुवा, इनार, रोअर पम्प वा स्यालो ट्यूबवेलबाट पानी निकाल्न र उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

## परिच्छेद-५
## <u>अनुगमन सम्बन्धी व्यवस्था</u>

१६. <u>भूमिगत स्रोतको पानी निश्चित परिमाण वा गहिराईबाट मात्र निकाल्न सकिने:</u> काठमाडौं उपत्यकाभित्रको भूमिगत स्रोतको पानीको संरक्षण गर्ने प्रयोजनको लागि बोर्डले पानीको गुणस्तर, परिमाण, आपूर्ति व्यवस्थापन, जनस्वास्थ्य तथा वातावरणीय प्रभावलाई विचार गरी काठमाडौं

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

उपत्यकाभित्रको कुनै भागमा भूमिगत पानी निकाल्नबाट रोक लगाउन वा निश्चित परिमाण वा गहिराईबाट मात्र पानी निकाल्न सकिने व्यवस्था मिलाउन सक्नेछ।

१७. <u>अनुगमन गर्ने:</u> ऐनको दफा ७ को उपदफा (८) को खण्ड (ग) बमोजिम बोर्डले काठमाडौं उपत्यकाभित्र नियम ८, १०, ११, १२ र १३ बमोजिमका कार्य गर्न अनुमतिपत्र लिएका उपभोक्ता वा सेवाप्रदायकको नियमित रूपमा अनुगमन गर्नेछ।

१८. <u>शर्त पालना गर्नु पर्ने:</u> (१) नियम ८, १०, ११, १२ र १३ बमोजिम अनुमतिपत्र प्राप्त सेवाप्रदायक वा उपभोक्ताले बोर्डले तोकेका शर्तको पालना गर्नु पर्नेछ।

(२) अनुमतिपत्र लिँदा बोर्डले तोकेको शर्तको पालना नगर्ने उपभोक्ता वा सेवाप्रदायकलाई बोर्डले ऐनको दफा २७ बमोजिम सजाय गर्न सक्नेछ।

(३) ऐनको दफा २७ बमोजिम सजाय गर्दा कुनै सेवाप्रदायक वा व्यक्तिको सेवा बन्द गरिएमा त्यस्तो उपभोक्ता वा सेवाप्रदायकले सेवा प्रदान गर्न पाउने छैन।

(४) उपनियम (३) बमोजिम सेवा बन्द गरिएको अनुमतिपत्रवालाले बोर्डले तोकेको शर्त पालना गरी व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता जनाएमा सोही ऐनमा तोके बमोजिमको जरिवाना असुल उपर गरी पुनः सेवा सञ्चालन गर्न स्वीकृति दिन सकिनेछ।

## परिच्छेद-६
## <u>समितिका सदस्य, कार्यकारी निर्देशक तथा बोर्डका कर्मचारी</u>

१९. <u>समितिका सदस्यको बैठक भत्ता तथा सुविधा:</u> (१) समितिको सदस्यले प्रत्येक बैठकमा भाग लिएबापत नेपाल सरकारको अर्थ मन्त्रालयको खर्च मापदण्ड बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारीले अध्यक्षता गर्ने बैठक सरह बैठक भत्ता पाउनेछ।

(२) समितिको बैठकमा उपस्थित विशेषज्ञ वा अन्य कुनै आमन्त्रित व्यक्तिले बैठकमा उपस्थित भए बापत समितिका सदस्य सरह बैठक भत्ता पाउनेछ।

(३) समितिको कुनै सदस्यलाई अवधि तोकी कुनै खास काममा लगाइएकोमा त्यस्तो काम गरे बापत उपनियम (१) मा उल्लिखित रकमको अतिरिक्त समितिले तोके बमोजिम अन्य सुविधा दिन सकिनेछ।

२०. <u>कार्यकारी निर्देशकको योग्यता तथा नियुक्ति:</u> (१) ऐनको दफा १७ बमोजिमको कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछ:-

(क) नेपाली नागरिक,
(ख) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,
(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, विज्ञान, व्यवस्थापन, वित्त, वाणिज्यशास्त्र, कानून, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा चाटर्ड एकाउण्टेन्ट उपाधि हासिल गरेको,
(घ) खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,
(च) अन्य प्रचलित कानूनले अयोग्य नठहरिएको।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

(२) उपनियम (१) बमोजिम योग्यता भएको व्यक्तिमध्येबाट कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नको लागि बोर्डले सार्वजनिक रूपमा दरखास्त आह्वान गर्नेछ।

(३) कार्यकारी निर्देशकको छनौट गर्ने आधार र कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिम प्राप्त दरखास्तमध्येबाट उपनियम (३) बमोजिमको प्रक्रिया पूरा गरी छनौट गरिएको व्यक्तिलाई बोर्डले कार्यकारी पदमा नियुक्त गर्नेछ।

२१. <u>कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधाः</u> (१) कार्यकारी निर्देशकको पारिश्रमिक नेपाल सरकारको अर्थ मन्त्रालयको सहमतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) कार्यकारी निर्देशकलाई चालकसहितको एउटा हलुका सवारी साधन र प्रति महिना सय लिटर इन्धन सुविधा उपलब्ध गराइनेछ।

(३) उपनियम (२) बमोजिम सवारी चालक उपलब्ध नभएमा हलुका सवारी चालकले पाउने पारिश्रमिक बराबरको रकम कार्यकारी निर्देशकलाई उपलब्ध गराइनेछ।

(४) कार्यकारी निर्देशकले पाउने अन्य सुविधा र सेवाका शर्त समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपनियम (४) बमोजिमको सुविधा र सेवाका शर्त निर्धारण गर्दा समितिले नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वको सेवा प्रवाह गर्ने संस्थामा अवलम्बन गरेको मापदण्डलाई समेत आधार बनाउनु पर्नेछ।

२२. <u>कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकारः</u> ऐनको दफा १८ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको प्रशासकीय प्रमुखको रूपमा बोर्डको सामान्य प्रशासन सञ्चालन गर्ने,

(ख) बोर्डका कर्मचारीको प्रशासनिक नियन्त्रण गर्ने,

(ग) सेवाप्रदायकले उपलब्ध गराई रहेको सेवाको अनुगमन गर्ने गराउने,

(घ) खण्ड (ग) बमोजिमको अनुगमनबाट प्राप्त विवरणको आधारमा प्रतिवेदन तयार गरी समितिसमक्ष पेश गर्ने,

(ङ) बोर्डको स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही आवश्यक रकम खर्च गर्ने,

(च) बोर्डको कोषको आन्तरिक नियन्त्रण प्रणालीको उचित प्रबन्ध गर्ने,

(छ) बोर्डको कोष सञ्चालन कार्यविधि तथा वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ज) बोर्डको नीति तयार गरी स्वीकृतिको लागि समितिसमक्ष पेश गर्ने,

(झ) बोर्डको निर्णय तथा बोर्डले दिएको निर्देशनको कार्यान्वयन गर्ने गराउने,

(ञ) आर्थिक रूपले आत्मनिर्भर हुने गरी रणनीतिक योजना बनाई बोर्डसमक्ष पेश गर्ने,

(ट) बोर्डबाट स्वीकृत रणनीतिक योजना कार्यान्वयन गर्ने।

२३. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १९ बमोजिम बोर्डमा समितिले तोके बमोजिम कर्मचारी रहनेछन्।

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

(३) उपनियम (१) बमोजिम बोर्डमा कर्मचारी नियुक्ति नभएसम्म आवश्यक कर्मचारी मन्त्रालयले काजमा खटाउन सक्नेछ।

(४) संस्थान वा अन्य कुनै निकायबाट सेवा प्रणाली हस्तान्तरण गराई लिएकोमा त्यस्तो सेवा प्रणालीसँग सम्बद्ध कर्मचारीलाई समेत बोर्डमा समायोजन गर्न सकिनेछ।

(५) उपनियम (४) बमोजिम कर्मचारी समायोजन गर्दा निज कार्यरत रहेको सेवा, समूह, श्रेणीको समान पदमा समायोजन गरिनेछ र त्यसरी समायोजन गर्दा निजले खाइपाई आएको तलब, भत्ता तथा सुविधाभन्दा घटी हुने गरी गरिने छैन।

(६) उपनियम (४) बमोजिम समायोजन भएका कर्मचारीको सेवा अवधिमा निरन्तरता कायम रहने गरी यसै नियम अन्तर्गत नियुक्त भएको मानिनेछ।

## परिच्छेद-७
## शुल्क सम्बन्धी व्यवस्था

२४. सेवाप्रदायकसँग शुल्क लिन सक्नेः ऐनको दफा २४ बमोजिम बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र अनुमतिपत्र प्राप्त गरी सेवा प्रदान गर्ने सेवाप्रदायकसँग लिने शुल्क समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

२५. अनुमतिपत्र प्राप्त उपभोक्तासँग शुल्क लिन सक्नेः (१) नियम १० बमोजिम अनुमतिपत्र लिई भूमिगत स्रोतको पानीको उपयोग गर्ने उपभोक्ताले समितिले निर्धारण गरे बमोजिमको शुल्क तीन महिनाभित्र बोर्डमा बुझाउनु पर्नेछ।

(२) नियम १० बमोजिम अनुमतिपत्र लिई भूमिगत स्रोतको पानीको उपयोग गर्ने उपभोक्तालाई अनुमतिपत्रमा उल्लिखित सीमाभित्र रही पानी उपयोगको व्यवस्थापन गर्न, गराउन तथा पानी खपतको आधारमा बोर्डले आफै वा सेवाप्रदायक मार्फत खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २८ बमोजिमको खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिमको सेवा महसुल उठाउन सक्नेछ।

(३) सेवाप्रदायक मार्फत बोर्डले महसुल भुक्तानी लिने गरी सम्झौता गरी कुनै सेवाप्रदायकलाई सेवा सञ्चालन गर्न दिएको भए सम्झौतामा उल्लेख भएबमोजिम सेवाप्रदायकबाट पूरा गर्नुपर्ने दायित्व निर्वाह भए वा नभएको अवस्थालाई समेत आधार मानी बोर्डले कारवाही गर्न सक्नेछ।

२६. अतिरिक्त दस्तुर लिन सक्नेः (१) नियम १० बमोजिमको उपभोक्ताले सेवा उपयोग गरे बापत बोर्डलाई तिर्नुपर्ने महसुल प्रत्येक वर्षको असार मसान्तभित्र नतिरेमा बोर्डले त्यस्ता उपभोक्तालाई निजले तिर्नुपर्ने महसुलमा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम अतिरिक्त दस्तुर लिन सक्नेछ।

(२) बोर्डले उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराएमा त्यस्ता उपभोक्तालाई सेवाको किसिम र त्यसबाट उपभोक्ताले पाउने सुविधाको आधारमा नियमित सेवाको महसुलमा थप दस्तुर लगाउन गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डबाट अनुमतिपत्र प्राप्त गरी वा बोर्डसँग सम्झौता गरी सेवाप्रदायकले सेवा सञ्चालन गरेकोमा त्यस्तो सेवाप्रदायकले समेत यस नियम बमोजिमको अतिरिक्त दस्तुर वा थप दस्तुर लिन सक्नेछ।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

२७. सेवाप्रदायक र उपभोक्ताले महसुल बुझाउनु पर्नेः बोर्डसँग अनुमति लिइ सेवा प्रदान गर्ने सेवाप्रदायकले बोर्ड तथा सेवाप्रदायक मार्फत सेवाको उपयोग गर्ने उपभोक्ताले सेवाप्रदायकलाई महसुल बुझाउनु पर्नेछ।

## परिच्छेद-८
## बोर्डको न्यायिक समिति सम्बन्धी व्यवस्था

२८. न्यायिक समिति गठनः (१) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको न्यायिक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) जिल्ला अदालतको न्यायाधीश हुने योग्यता पुगेको नेपाल सरकारको खानेपानी मन्त्रालयको कानून अधिकृत -अध्यक्ष

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट वित्त, व्यवस्थापन वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्ट उपाधि हासिल गरी व्यवस्थापन वा प्रशासनिक क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको व्यक्तिहरू मध्येबाट बोर्डले नियुक्त गरेको एकजना -सदस्य

(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी खानेपानी वा सरसफाईको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको व्यक्तिहरू मध्येबाट बोर्डले नियुक्त गरेको एकजना -सदस्य

(२) बोर्डले तोकेको अधिकृतस्तरको कर्मचारीले न्यायिक समितिको सचिव भई काम गर्नेछ।

(३) न्यायिक समितिको बैठक सम्बन्धी कार्यविधि न्यायिक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) नियम (१) को खण्ड (क) बमोजिमको योग्यता पुगेको अधिकृत उपलब्ध नभएमा बोर्डले उक्त सदस्य तोकिदिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसमक्ष अनुरोध गर्न सक्नेछ।

२९. न्यायिक समितिको कार्यविधिः (१) नियम २८ को उपनियम (१) बमोजिम गठित न्यायिक समितिलाई ऐनको दफा २७ को उपदफा (१) बमोजिमको कसूरका सम्बन्धमा कुनै व्यक्तिलाई आफूसमक्ष उपस्थित गराउने तथा आवश्यक सोधपुछ गर्न तथा आवश्यक कागजात र विवरण माग गर्न सक्नेछ।

(२) न्यायिक समितिले सजायको आदेश दिनु अघि कम्तीमा सात दिनको समय दिई सफाईको मौका दिनु पर्नेछ।

(३) बोर्डसमक्ष पर्न आएका निवेदन उपर न्यायिक समितिले आवश्यक छानबिन गर्दा ऐनको दफा २७ को उपदफा (१) बमोजिमको कसूर गरेको ठहरेमा न्यायिक समितिले त्यस्तो व्यक्तिलाई सोही उपदफा बमोजिम सजायको आदेश दिन सक्नेछ।

३०. सुविधा र सेवाका अन्य शर्तः न्यायिक समितिको अध्यक्ष र सदस्यले पाउने सुविधा नेपाल सरकारको अर्थ मन्त्रालयको खर्च मापदण्ड बमोजिम हुनेछ।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

## परिच्छेद-९
## कोष सञ्चालन र लेखा

३१. बोर्डको कोषको खाता सञ्चालनः ऐनको दफा २८ बमोजिमको कोषको खाता बोर्डको कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

तर बोर्डमा कार्यकारी निर्देशक वा लेखा प्रमुख नभएको अवस्थामा समितिले तोकेको अधिकृतस्तरको कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुन सक्नेछ।

३२. लेखा परीक्षणः (१) प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखा परीक्षकमध्येबाट समितिले नियुक्ति गरेको लेखा परीक्षकले बोर्डको आन्तरिक लेखा परीक्षण गर्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम लेखा परीक्षक नियुक्ति गर्दा लगातार तीन आर्थिक वर्षभन्दा बढी अवधिका लागि लेखा परीक्षक नियुक्ति गरिने छैन।

(४) बोर्डको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकले गर्नेछ।

३३. कोषको आन्तरिक नियन्त्रणः (१) बोर्डको कोषको आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्ने दायित्व कार्यकारी निर्देशकको हुनेछ।

(२) बोर्डको कोषबाट रकम खर्च गर्दा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधीनमा रही गर्नु पर्नेछ।

(३) नियम ३२ को उपनियम (१) बमोजिम नियुक्त गरिएको लेखापरीक्षकले आफूले गरेको आन्तरिक लेखा परीक्षणको प्रतिवेदन समितिसमक्ष पेश गर्नु पर्नेछ र आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण, प्रभावकारीता मूल्याङ्कन र सुधारका उपाय बोर्डसमक्ष सिफारिस गर्नु पर्नेछ।

(४) बोर्डको कोषको आन्तरिक नियन्त्रण सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३४. उपभोक्ता संरक्षण कोषको उपयोगः (१) ऐनको दफा २९ को उपदफा (२) बमोजिम उपभोक्तालाई निःशुल्क सेवा विस्तार गर्न, सेवाको स्तर वृद्धि गर्न वा उपभोक्तालाई सेवा महसुल छुट दिन वा अनुदान दिन उपभोक्ता संरक्षण कोषको रकमको उपयोग गरिनेछ।

(२) उपनियम (१) बमोजिम निःशुल्क सेवा विस्तार गर्दा, सेवाको स्तर वृद्धि गर्दा वा सेवा महसुल छुट वा अनुदान दिँदा देहायका उपभोक्तालाई प्राथमिकता दिइनेछः-

(क) प्रचलित कानून बमोजिम निर्धारित महसुल तिर्न नसक्ने भनी सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएका उपभोक्ता,

(ख) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आर्थिक रूपले विपन्न भनी तोकेको निरपेक्ष गरिबीको रेखामुनि परेका उपभोक्ता,

(ग) समितिले तोकेको मापदण्डभित्र परेका उपभोक्ता।

(३) उपनियम (१) बमोजिम निःशुल्क सुविधा प्राप्त गर्न चाहने उपभोक्ताले त्यसरी निःशुल्क सुविधा पाउनुपर्ने कारण र आधार समेत खोली बोर्डसमक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा बोर्डले उपनियम (२) को अधिनमा रही आवश्यक जाँचबुझ गरी उपभोक्तालाई निःशुल्क सुविधा, महसुल छुट वा अनुदान दिनु पर्ने देखिएमा त्यस्तो उपभोक्तालाई निःशुल्क सुविधा, महसुल छुट वा अनुदान दिनु पर्नेछ।

३५. **उपभोक्ता संरक्षण कोषको सञ्चालन:** (१) उपभोक्ता संरक्षण कोषको खाता बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजत प्राप्त "क" वर्गको बैङ्कमा खोलिनेछ।

(२) उपनियम (१) बमोजिमको खाता बोर्डको कार्यकारी निर्देशक र कोषको लेखा प्रमुखको दस्तखतबाट सञ्चालन हुनेछ।

३६. **उपभोक्ता संरक्षण कोषको लेखा परीक्षण:** (१) नियम ३२ को उपनियम (१) बमोजिम नियुक्त गरिएको लेखा परीक्षकले उपभोक्ता संरक्षण कोषको आन्तरिक लेखा परीक्षणसमेत गर्नेछ।

(२) उपनियम (१) बमोजिमको लेखा परीक्षकले आफूले गरेको आन्तरिक लेखा परीक्षणको प्रतिवेदन समितिसमक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-१०
## विविध

३७. **उपसमिति गठन गर्ने:** (१) समितिले आफूले सम्पादन गर्नुपर्ने काम कारवाही सुचारू रुपले सञ्चालन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम उपसमिति गठन गर्दा विषय विशेषज्ञ, सेवाप्रदायक, उपभोक्ता तथा सरोकारवाला समेतको उचित प्रतिनिधित्व गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम गठन भएका उपसमितिको कार्यविधि, काम, कर्तव्य तथा अधिकार त्यस्तो उपसमिति गठन गर्दाका बखत समितिले तोकिदिए बमोजिम हुनेछ।

(४) उपसमितिका सदस्यले पाउने सुविधा उपसमिति गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

३८. **बोर्डले तथ्याङ्क सङ्कलन गर्ने:** (१) बोर्डले धार्मिक महत्वका सार्वजनिक स्थल वा घरायसी, निजी उपयोग तथा प्रयोगका लागि सञ्चालित ढुङ्गेधारा, इनार वा रोअर पम्पको अद्यावधिक रेकर्ड तथा नक्साङ्कनका लागि तथ्याङ्क सङ्कलन गर्नेछ।

(२) उपनियम (१) बमोजिम सञ्चालनमा रहेका वा धार्मिक महत्वका सार्वजनिक तथा घरायसी निजी उपयोग तथा प्रयोगका लागि ढुङ्गेधारा, इनार वा रोअरपम्प निर्माण गर्नु परेमा सम्बन्धित व्यक्तिले निर्माण गर्नुपूर्व बोर्डलाई निर्माण गरिने संरचनाको नक्सा डिजाइन सहितको जानकारी उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्रको कुनै भागमा निश्चित गहिराईभन्दा मुनिको भूमिगत स्रोतको पानी निकाल्न रोक लगाउनु वा परिमाणात्मक बन्देज लगाउनु अघि सम्बन्धित विज्ञसँग परामर्श गर्न सक्नेछ।

३९. **अधिकार प्रत्यायोजन:** समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४०. **खारेजी र बचाउ:** (१) काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६४ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

अनुसूची-१

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**खानेपानी/सरसफाई सेवा सञ्चालन गर्न अनुमतिपत्रको लागि दिइने निवेदन**

श्रीमान् कार्यकारी निर्देशकज्यू,
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
……………… ।

विषयः- खानेपानी/सरसफाई सेवा सञ्चालन गर्न अनुमतिपत्र पाऊँ।

महोदय,

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम ८ को उपनियम (१) बमोजिम खानेपानी/सरसफाई सेवा सञ्चालन गर्न अनुमतिपत्र पाउनको निमित्त देहाय बमोजिमको विवरण उल्लेख गरी लाग्ने दस्तुरसहित यो निवेदन पेश गरेको छु।

विवरणः-

१. आवेदकको नाम, थर/संस्था, फर्म, कम्पनीको नाम, ठेगानाः
२. सेवा सञ्चालन गर्ने स्थानको विवरणः- …………… जिल्ला …………
   न.पा. /गा.पा. …… वडा नं. ………… टोल
३. सेवा सञ्चालन गर्न प्रयोग गरिने पानीको स्रोतको विवरणः
४. सेवा सञ्चालन गर्न प्रयोग हुने सेवा प्रणालीको विवरणः
५. सेवा सञ्चालन शुरु गर्ने मितिः
६. अनुमतिपत्र बहाल रहने अवधिः
७. बोर्डले सूचनामा उल्लेख गरी माग गरेका अन्य विवरणः-

निवेदकको दस्तखतः-
नाम :
वतन :
मिति :

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

अनुसूची-२

(नियम ८ को उपनियम (२) सँग सम्बन्धित)

**खानेपानी/सरसफाई सेवा सञ्चालन गर्न दिएको अनुमतिपत्रको ढाँचा**

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**

अनुमतिपत्र संख्या ......... मितिः

खानेपानी/सरसफाई सेवा सञ्चालन गर्न दिएको अनुमतिपत्र

श्री ..........................

..............................

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ८ तथा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम ८ को उपनियम (२) बमोजिम तपाईलाई देहायको शर्तको अधीनमा रही काठमाडौं उपत्यकाको देहायको क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न यस बोर्डको मिति ............... को निर्णयानुसार यो अनुमतिपत्र प्रदान गरिएको छ।

सेवा सञ्चालन गर्ने भौगोलिक क्षेत्रको विवरणः

सेवा सञ्चालन गर्न प्रयोग गरिने पानीको स्रोतको विवरणः

सेवा सञ्चालन गर्न प्रयोग हुने सेवा प्रणालीको विवरणः

सेवा प्रदान गरिने उपभोक्ताको संख्याः

ग्राहस्थ उपभोक्ताः

औद्योगिक उपभोक्ताः

व्यापारिक उपभोक्ताः

अन्य किसिमकाः

सेवा सञ्चालन शुरु गर्ने मितिः

अनुमतिपत्र बहाल रहने अवधिः

सेवा सञ्चालन सम्बन्धी शर्तः

१.

२.

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको,-

दस्तखतः

नामः

दर्जाः

मितिः

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

अनुसूची-३

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## डिप बोरिङ्ग गरी भूमिगत स्रोतको पानी उपयोग गर्न अनुमतिपत्रको लागि दिइने निवेदन

श्रीमान् कार्यकारी निर्देशकज्यू,
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
.................।

विषयः- डिप बोरिङ्ग गरी भूमिगत स्रोतको पानी झिक्न अनुमतिपत्र पाऊँ।

महोदय,

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम १० को उपनियम (१) बमोजिम भूमिगत स्रोतबाट पानी झिक्न अनुमतिपत्र पाउनको निमित्त देहाय बमोजिमको विवरण उल्लेख गरी लाग्ने दस्तुरसहित यो निवेदन पेश गरेको छु।

विवरणः-

१. आवेदकको नाम, थर/संस्था, फर्म, कम्पनीको नाम, ठेगानाः:

२. भूमिगत पानी झिक्ने स्थानको विवरणः- .............. जिल्ला .............
न.पा. /गा.पा. ...... वडा नं. ............ टोल

३. भूमिगत स्रोतबाट झिकिने पानीको अधिकतम परिमाणः- .............. लिटर प्रतिदिन

४. भूमिगत पानी निकाल्न प्रयोग गरिने पाइप र उपकरणको विवरणः-
(क) अधिकतम गहिराईः-
(ख) ट्यूवेलको साइजः-
(ग) प्रयोग गरिने उपकरणः

५. पानीको उपभोग सम्बन्धी विवरणः-
(क) व्यक्तिगत
(ख) सार्वजनिक
(ग) औद्योगिक/व्यावसायिक
(घ) अन्य

६. अनुमतिपत्र माग गरिएको अवधिः-

७. बोर्डले सूचनामा उल्लेख गरी माग गरेका अन्य विवरण-

निवेदकको दस्तखतः-
नाम :
वतन :
मिति :

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

अनुसूची-४

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

**डिप बोरिङ्ग गरी भूमिगत स्रोतको पानी उपयोग गर्न दिइएको अनुमतिपत्रको ढाँचा**

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**

अनुमतिपत्र नंः मितिः

भूमिगत स्रोतको पानी उपयोग गर्ने सम्बन्धी अनुमतिपत्र

श्री .......................

..............................

भूमिगत पानी निकाल्न र उपयोग गर्न अनुमतिपत्र पाऊँ भनी तपाईले मिति ........... मा दिनुभएको निवेदनउपर कारवाही हुँदा यस बोर्डको मिति ........... को निर्णयानुसार देहाय बमोजिम भूमिगत पानी निकाल्न र उपभोग गर्न पाउने गरी काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम १० को उपनियम (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

अनुमतिपत्र पाउनेको नाम र ठेगानाः ...........................................................................
भूमिगत पानी निकाल्ने ठाउँको विवरणः............................................................................
निकाल्न र उपयोग गर्न अनुमतिपत्र दिइएको पानीको अधिकतम परिमाणः .........................
भूमिगत पानीं निकाल्न प्रयोग हुने पाइप र उपकरणको विवरणः.......................................
उपयोगको किसिमः व्यक्तिगत/सार्वजनिक/अन्य कुनैः ...................................................
अनुमतिपत्र बहाल रहने अवधिः......................... देखि .................................... सम्म

भूमिगत पानी निकाल्न र उपयोग गर्दा पालना गर्नुपर्ने शर्तः

क.

ख.

ग.

अनुमतिपत्र दिने अधिकारीको,-
दस्तखतः-
नामः-
पदः-
मितिः

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

अनुसुची-५

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

## भूमिगत स्रोतको पानी निकाल्ने सम्बन्धी कार्यको लागि दिइने छुट्टै अनुमतिपत्रको निवेदनको ढाँचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
.............................................।

विषयः ड्रिलिङ्ग सेवा सञ्चालन गर्न अनुमतिपत्र पाऊँ।

महोदय,

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम ११ को उपनियम (१) बमोजिम बोर्डको क्षेत्रभित्र ड्रिलिङ्ग सेवा सञ्चालन गर्न अनुमतिपत्र पाऊँ भनी देहाय बमोजिमको विवरण उल्लेख गरी लाग्ने दस्तुरसहित यो निवेदन पेश गरेको छु।

विवरणः

१. आवेदकको नाम, थर/संस्था, फर्म, कम्पनीको नाम, ठेगानाः .....................
२. ड्रिलिङ्ग गर्न प्रयोग गरिने उपकरणको विवरणः
३. ड्रिलिङ्ग उपकरण शुरु खरिद गर्दाको मूल्य अभिवृद्धि कर तथा प्राविधिक विशिष्टीकरण सहितको विवरणः
४. कम्पनी, संस्थाको सञ्चालक र प्रमुख कर्मचारी सम्बन्धी विवरणः
५. बोर्डले सूचनामा उल्लेख गरी माग गरेका अन्य विवरणः

निवेदकको दस्तखतः
नामः
वतनः
मितिः

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

अनुसुची-६

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**भूमिगत स्रोतको पानी निकाल्ने सम्बन्धी कार्यको लागि दिइने छुट्टै अनुमतिपत्रको ढाँचा**

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**

अनुमतिपत्र नं. :

मितिः

ड्रिलिङ्ग सेवा सञ्चालन गर्ने सम्बन्धी अनुमतिपत्र

श्री ................................

................................................

ड्रिलिङ्ग सेवा सञ्चालन गर्न अनुमतिपत्र पाऊँ भनी तपाईंले मिति ........................ मा दिनुभएको निवेदनउपर कारवाही हुँदा यस बोर्डको मिति .......................... को निर्णयानुसार देहाय बमोजिम ड्रिलिङ्ग सेवा सञ्चालन गर्न पाउने गरी काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम ११ को उपनियम (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

अनुमतिपत्र पाउनेको नाम र ठेगानाः ..........................................................................

ड्रिलिङ्ग उपकरणको विवरण-संख्याः..............................................................................

...................................................................................................................

अनुमतिपत्र वहाल रहने अवधिः ..................................... देखि ............................ सम्म

ड्रिलिङ्ग सेवा सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्तः

(क)

(ख)

(ग)

अनुमतिपत्र दिने अधिकारीको,-

दस्तखतः-

नामः-

पदः-

मितिः

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

अनुसुची-७

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

**मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्न अनुमतिपत्रको लागि दिइने निवेदन**

श्रीमान कार्यकारी निर्देशकज्यू,
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
............................................ ।

विषयः मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्न अनुमतिपत्र पाऊँ।

महोदय,

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम १२ को उपनियम (१) बमोजिम बोर्डको क्षेत्रभित्र मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्न अनुमतिपत्र पाऊँ भनी देहाय बमोजिमको विवरण उल्लेख गरी लाग्ने आवश्यक दस्तुरसहित यो निवेदन पेश गरेको छु।

विवरण

१. आवेदकको नाम, संस्था, कम्पनी फर्मको नाम, ठेगाना :..........................................

२. काम/सेवाको विवरण :.......................................................................

३. सेवा क्षेत्र (काठमाडौं उपत्यका भित्रका सेवा क्षेत्रलाई वर्गीकरण गरिनेछ) :..............

४. सेवा उपलब्ध गराइने नगरपालिका :...........................................................

५. ढुवानी साधनको विवरण, स्वामित्व र अन्य उपकरणः
क्र.स....ढुवानी साधनको प्रकार... दर्ता नं.... मोडल इन्जिन चेसिस नं.............
कैफियत.......................................................................................

६. कम्पनी संस्थाको संचालक र प्रमुख कर्मचारी सम्बन्धी विवरणः..............................

७. प्रस्तावित सेवा शुल्कः.......................................................................
प्रति १० कि.मि. सम्म प्रतिट्रिप वा परिमाणको शुल्कः.......................................
प्रति १० कि.मि. भन्दा टाढा ट्रिप वा परिमाणको शुल्कः ...................................

८. बोर्डले सूचनामा उल्लेख गरी माग गरेका अन्य विवरणः.......................................

निवेदकको,-
दस्तखतः
नामः
वतनः
मितिः

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

अनुसुची-८

(नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

**मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्न दिइएको अनुमतिपत्रको ढाँचा**

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

अनुमतिपत्र नं... मितिः

श्री ...............................

...............................................

मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्ने सम्बन्धी अनुमतिपत्र

मानव मलमूत्र मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्न पाऊँ भनी तपाईले मिति ............................ मा दिनुभएको निवेदनउपर कारवाही हुँदा यस बोर्डको मिति ........................... को निर्णयानुसार देहाय बमोजिम मानव मलमूत्र सेप्टिक ट्यांक रित्याउने, त्यस्तो मानव मलमूत्र ढुवानी तथा व्यवस्थापन गर्न पाउने गरी काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम १२ को उपनियम (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

अनुमतिपत्र पाउने सेवाप्रदायक संस्था/व्यक्ति/कम्पनीको नामः .......................................

ठेगानाः ..................................................................................................

फो नं. /फ्याक्सः .................................... इमेल : ..............................................

प्यान/भ्याटः.............................................................................................

सञ्चालक/अध्यक्षको विवरणः..........................................................................

ढुवानी गर्ने साधनको/व्यवस्थापन सम्बन्धी विवरणः.......................................

क्र.सं.......... ढुवानी साधनको प्रकार....... दर्ता नं.......... मोडल इन्जिन चेसिस नं....

कैफियत..................................................................................................

अनुमतिपत्र बहाल रहने अवधि ..................................देखि ............................सम्म

सेवा अन्तर्गत समेटिएका कार्यः...........................................................................

सेवा क्षेत्रः ...............................................................................................

तोकिएको व्यवस्थापन क्षेत्रः ...........................................................................

मानव मलमूत्र व्यवस्थापन सेवा सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्तः

(क)

(ख)

अनुमतिपत्र दिने अधिकारीको,-

दस्तखतः-

नामः-

पदः-

मितिः

अनुसूची-९

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

**भूमिगत स्रोतको पानीको उपयोग गरी टैंकर, जार र बोटलिङ सेवा सञ्चालन गर्न अनुमतिपत्रको लागि दिइने निवेदन**

श्रीमान् कार्यकारी निर्देशक ज्यू,
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
......................................................

विषयः टैंकर, जार र बोटलिङ सेवाद्वारा पानीको व्यवसाय सञ्चालन गर्न पाऊँ।

महोदय,

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम १३ को उपनियम (१) बमोजिम टैंकर सेवाद्वारा पानीको आपूर्ति गर्न जार बोटलिङ सेवा सञ्चालन गर्न तथा स्रोतको पानी उपयोग गर्न पाउनको निमित्त देहाय बमोजिमको विवरण उल्लेख गरी नियमानुसार लाग्ने दस्तुर सहित यो निवेदन पेश गरेको छु।

विवरण

१. आववेदकको नाम, थर र विवरण..................................................................

२. पानीको स्रोतको विवरण ................................जिल्ला.......................................

न.पा. /गा.पा...........................ला.नः.....................स्थान.................................

३. टैंकर नम्बर..........................क्षमता.................................................................

.........................................................................................................................

.........................................................................................................................

४. पानी आपूर्तिको प्रयोजन

(क) पिउने पानी (ख) अन्य प्रयोजन (पिउने वाहेक)

५. अनुमतिपत्र माग गरिएको अवधिः-...........................................................

निवेदकको दस्तखतः-
नामः-
वतनः-
मितिः-

अनुसूची-१०

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

**भूमिगत स्रोतको पानीको उपयोग गरी टैंकर, जार र बोटलिङ सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्रको ढाँचा**

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

अनुमतिपत्र नं....

मितिः

टैंकर, जार र बोटलिङ सेवाद्वारा पानीको व्यवसाय सञ्चालन गर्ने सम्बन्धी अनुमतिपत्र

श्री..............,

............................ ।

टैंकर सेवाद्वारा पानीको वितरण आपूर्ति गर्न जार बोटलिङ सेवा सञ्चालन गर्न तथा स्रोतको पानी उपयोग गर्न टैंकर व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र पाऊँ भनी मिति ................मा दर्ता हुन आएको तपाईंको निवेदनउपर कारवाही हुँदा यस बोर्डको मिति ....................को निर्णयानुसार देहाय बमोजिम टैंकर सेवाद्वारा पानीको वितरण आपूर्ति गर्न जार बोटलिङ सेवा सञ्चालन गर्न तथा स्रोतको पानी उपयोग गर्न पाउने गरी काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली २०८२, को नियम १३ को उपनियम (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

अनुमतिपत्र पाउनेको नाम र ठेगानाः-

स्रोतको पानीको विवरणः-

टैंकर व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र दिइएको क्षेत्रः-

टैंकर नम्बरः- क्षमताः-

.................................................

.................................................

.................................................

.................................................

टैंकरको रङ्गः-

पानी आपूर्तिको प्रयोजनः-

अनुमतिपत्र बहाल रहने मितिः-............................देखि ..................................सम्म

टैंकर व्यवसाय सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्तः

(क)

(ख)

अनुमतिपत्र दिने अधिकारीको,-

दस्तखतः-

नामः

पदः

मितिः

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार